नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६

चलानी नं. : ०१

मिति : २०७५।०५।१७

श्री महानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

विषय: सहायक सामग्रीको भन्सार छुट सिफारिस सम्वन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं.१६ मिति २०७५/५/१३ को पत्रबाट अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने चार पाङ्ग्रे स्कुटर लगायतका सहायक सामग्री भन्सार छुटको लागि साविकमा महिला तथा बालबालिका कार्यालयबाट जिल्ला प्रसाशन कार्यालयमा सिफारिस गरी पठाउने प्रावधान रहेकोमा हाल महिला तथा बालवालिका कार्यालय खारेज भई उक्त कार्यालयले गर्ने कार्यहरु समेत स्थानीय तहले गर्ने भएकाले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने चार पाङ्ग्रे स्कुटर लगायतका सहायक सामग्री भन्सार छुटको लागि स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्नका लागि लेखी आएको छ ।
अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने चार पाङ्ग्रे स्कुटर लगायतका सहायक सामग्री भन्सार छुटको लागि साविकमा महिला तथा बालबालिका कार्यालयबाट जिल्ला प्रसाशन कार्यालयलाई गरिने सिफारिस तहाँबाट गर्ने गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

केशवराज पाँधे
शाखा अधिकृत

**बोधार्थ:**
श्री राष्ट्रिय अपाङ्ग महासंघ नेपाल,
भृकुटीमण्डप, काठमाडौं ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।